# ३ परमप्रभु परमेश्वरको उपासना गर्ने कि शैतान वा धनलाई भगवान भनेर ढोग्ने

*__यस अध्यायका मूल पदहरू:__* भजन ३३:६-९, मत्ती १९:१६-२२, १ पत्रुस १:१८, हिब्रू २:१४,१५, प्रस्थान ९:१४ र भजन ५०:१०।

*__यस अध्यायका मूल सार पद:__* **"९ त्यसैकारण परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो, र उहाँलाई त्यो नाउँ प्रदान गर्नुभयो, जो हरेक नाउँभन्दा उच्च छ, १० कि स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमुनि भएको हरेक प्राणीले येशूको नाउँमा घुँडा टेक्नुपर्छ, ११ र हरेक जिब्रोले परमेश्वर पिताका महिमाको निम्ति येशू ख्रीष्टलाई प्रभु भनी स्वीकार गर्नुपर्छ।" फिलिप्पी २:९-११।**

पैसाको पछि लागेर त्यसलाई थुपार्ने र भौतिक कुराहरूले छोप्न चाहने मानिसहरूको प्रवृत्तिलाई व्याख्या गर्न शब्दहरू प्रयोग गर्दा परमेश्वरले खेर फाल्ने खालका वचनहरू हाम्रो सामु ल्याउनुहुन्न। एक जना लोभी धनी मानिसले आफ्ना भकारीहरूलाई अन्नहरूले भरेको भरै भएपछि आफूले आफैलाई भनेको थियो, "हे आत्मा तिमी रमाऊ, किनभने अब भकारीहरू अन्नले भरिएका छन्। खाऊ, पिऊ र मोजमज्जा गर।" निःसन्देह त्यस मानिसलाई परमेश्वरले अन्नहरूद्वारा आशिष दिनुभएको थियो तर उसको प्रत्युत्तरमा परमेश्वरले जे भन्नुभयो त्यसले गर्दा हामीहरू सबैलाई केही न केही किसिमको डर हामीहरूको मनमा हुनै पर्छः "हे मूर्ख, आज राती नै तिमी मर्नेछौ। तिमीले जम्मा गरेका ती भकारीहरू कस्को हुनेछ त?" त्यसै गरि जसले परमेश्वरतर्फ धनी नभएर आफूलाईमात्र धन थुपार्छ उसको पनि त्यही गति हुनेछ" (लूका १२:२०,२१ रूपान्तरित)।

परमेश्वरको सेवा गर्नु र पैसालाई सेवा गर्नु एक आपसमा बिपरित कुराहरू हुन्। कि त परमेश्वरलाई ढोग्नुपर्छ कि त पैसालाई वा शैतानलाई। हामी दुवै खालको जिन्दगी बिताएर सबै थोक ठीक हुन्छ भन्नु केवल मन बहलाउने कल्पनामात्र हुन्। किनकि ढिलो वा चाँडो ढोंगी जीवन बिताउँदा त्यसको नतिजा हामीले भोग्नै पर्ने हुन्छ। अरू मानिसहरूलाई छकाएर जिउन सक्छौं होला तर परमेश्वरलाई हामीले कहिल्यै पनि छकाउन सक्दैनौं। हामीहरू सबै जनाले एक दिन परमेश्वरको सामु लेखाजोखा दिनै पर्छ।

यस संसारमा हामीले कसलाई चुन्ने भनेर निर्णय गर्नै पर्छ। जति हामी हिचकिचाएर बस्छौं, अनेकौं बहाना बनाएर चल्छौं वा भोलि भनेर आलटाल गरेर बस्छौं त्यति पैसा र त्यसको मोहले हामीहरूलाई झन झन थिचिरहेको हुन्छ र हामीहरूको आत्मा वा शान्तिलाई थुतेर राखिरहेको हुन्छ। निष्ठा वा विश्वासले निर्णयको माग गर्दछ।

परमेश्वरप्रति दृष्टिगत गर्दै हिंड्ने निर्णय हाम्रो निम्ति किन सजिलो हुन सक्छ भनेर यस अध्यायमा हामी छलफल गर्नेछौं। परमेश्वरले हामीहरूको निम्ति के गर्नुभयो र उहाँप्रति हामी किन आभारी हुनुपर्छ सो जान्नु जरूरी छ।

## १. येशू ख्रीष्ट, सबै सृष्टिका सृष्टिकर्ता (यूहन्ना १:१-३)

**प्राकृतिक र भौतिक सम्पदाले भरिपूर्ण भएको यो संसार कस्तो असल छ भनेर देहायका पदहरूले कसरी देखाउँछन्? हेर्नुहोस्: उत्पत्ति १:१-३१ "१ आदिमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो। २ पृथ्वी आकारविनाको र शून्य थियो। अथाह समुद्रमाथि अन्धकार थियो, र परमेश्वरका आत्मा पानीमाथि परिभ्रमण गर्दैरहनुहुन्थ्यो। ३ अनि परमेश्वरले भन्नुभयो, "उज्यालो होस्।" तब उज्यालो भयो। ४ अनि परमेश्वरले उज्यालोलाई हेर्नुभयो, त्यो असल थियो। उहाँले उज्यालो र अँध्यारोलाई अलग-अलग गर्नुभयो। ५ परमेश्वरले उज्यालोलाई "दिन" र अँध्यारोलाई "रात" भन्नुभयो। साँझ पऱ्यो र बिहान भयो– पहिलो दिन। ६ अनि परमेश्वरले भन्नुभयो, "पानीका बीचमा एक क्षेत्र होस्, र त्यसले पानीलाई दुई भाग गरोस्।" ७ परमेश्वरले सो बनाएर क्षेत्रमुनिको र माथिको पानीलाई अलग-अलग गर्नुभयो। तब त्यस्तै भइहाल्यो। ८ परमेश्वरले यस अन्तरिक्षलाई आकाश भन्नुभयो। साँझ पऱ्यो र बिहान भयो– दोस्रो दिन। ९ अनि परमेश्वरले भन्नुभयो, "आकाशमुनि भएको पानी एक ठाउँमा जम्मा होस् र ओबानो भूमि देखा परोस्।" तब त्यस्तै भइहाल्यो। १० परमेश्वरले ओबानो भूमिलाई "पृथ्वी" भन्नुभयो, र जम्मा भएको पानीलाई "समुद्र" भन्नुभयो। अनि परमेश्वरले हेर्नुभयो, त्यो असल थियो। ११ तब परमेश्वरले भन्नुभयो, "भूमिले वनस्पति, बीउ हुने बोट-बिरुवाहरू र आफ्नो-आफ्नो किसिमको बीउ हुने फल फल्ने वृक्षहरू पृथ्वीमा उमारोस्।" तब त्यस्तै भइहाल्यो। १२ भूमिले वनस्पति, बीउ हुने बोटहरू र आफ्नो-आफ्नो किसिमको बीउ हुने फल फल्ने वृक्षहरू उमाऱ्यो। अनि परमेश्वरले हेर्नुभयो, त्यो असल थियो। १३ साँझ पऱ्यो र बिहान भयो– तेस्रो दिन। १४ अनि परमेश्वरले भन्नुभयो, "अन्तरिक्षमा दिन र रात**

छुट्ट्याउनलाई ज्योतिहरू होऊन्। तिनीहरू ऋतुहरू, दिनहरू र वर्षहरू छुट्ट्याउन चिन्हको रूपमा काम गरून्। १५ र पृथ्वीमा प्रकाश दिनलाई अन्तरिक्षमा ती ज्योतिहरू होऊन्।" तब त्यस्तै भइहाल्यो। १६ अनि परमेश्वरले दुई विशाल ज्योतिहरू बनाउनुभयो– ठूलो ज्योति दिनमाथि प्रभुत्व गर्न, र सानो ज्योति रातमाथि प्रभुत्व गर्न। उहाँले ताराहरू पनि बनाउनुभयो। १७ अनि परमेश्वरले पृथ्वीमा प्रकाश दिनलाई, १८ दिन र रातमाथि प्रभुत्व गर्न अनि उज्यालो र अँध्यारोलाई अलग-अलग गर्नलाई ती आकाशमा राख्नुभयो। र परमेश्वरले हेर्नुभयो, त्यो असल थियो। १९ साँझ पर्‍यो र बिहान भयो– चौथो दिन। २० अनि परमेश्वरले भन्नुभयो, "पानी जीवित जन्तुहरूले प्रशस्त गरी भरिऊन्। र पन्क्षीहरूचाहिँ पृथ्वीमाथि अन्तरिक्षमा उडून्।" २१ यसैले समुद्रका विशाल जलजन्तुहरू, पानीहरूमा भरिएका चलहल गर्ने किसिम-किसिमका सबै जीवित प्राणीहरू र जात-जातका पखेटा भएका सबै पन्क्षीहरू परमेश्वरले सृष्टि गर्नुभयो। र परमेश्वरले हेर्नुभयो, त्यो असल थियो। २२ अनि परमेश्वरले तिनीहरूलाई यसो भनेर आशिष् दिनुभयो, "फल्दै-फुल्दै, वृद्धि हुँदै र समुद्रमा भरिँदैजाओ। र पन्क्षीहरूको पनि पृथ्वीमा वृद्धि हुँदैजाओस्।" २३ अनि साँझ पर्‍यो र बिहान भयो– पाँचौं दिन। २४ अनि परमेश्वरले भन्नुभयो, "पृथ्वीले जात-जातका जीवित प्राणीहरू, अर्थात् जात-जातका पालिने पशुहरू, घस्रने जन्तुहरू र जात-जातका वन-पशुहरू उत्पन्न गरोस्। तब त्यस्तै भयो। २५ परमेश्वरले पृथ्वीका जात-जातका वन-पशुहरू, जात-जातका पालिने पशुहरू र जमिनमा घस्रने जात-जातका जन्तुहरू बनाउनुभयो। र परमेश्वरले हेर्नुभयो, त्यो असल थियो। २६ फेरि परमेश्वरले भन्नुभयो, "मानिसलाई आफ्नै स्वरूपमा, हाम्रै प्रतिरूपमा बनाऔं। तिनीहरूले समुद्रका माछाहरू, आकाशका पन्क्षीहरू, पालिने पशुहरू र जमिनमा चलहल गर्ने सबै जन्तुहरूमाथि अधिकार गरून्।" २७ यसैकारण परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो। परमेश्वरकै प्रतिरूपमा उहाँले तिनलाई सृष्टि गर्नुभयो। नर र नारी नै गरी उहाँले तिनीहरूलाई सृष्टि गर्नुभयो। २८ परमेश्वरले तिनीहरूलाई आशिष् दिनुभयो, र तिनीहरूलाई भन्नुभयो, "फल्दै-फुल्दै, वृद्धि हुँदै, पृथ्वीमा भरिँदै र त्यसलाई आफ्नो वशमा पार्दैजाओ। समुद्रका माछाहरू, आकाशका पन्क्षीहरू तथा पृथ्वीका सबै जीवित प्राणीहरूमाथि अधिकार गर।" २९ तब परमेश्वरले भन्नुभयो, "हेर, म तिमीहरूलाई पृथ्वीका सबै बीउ उमार्ने बोटहरू र फलमा नै बीउ हुने सबै फलका रूखहरू दिन्छु। ती तिमीहरूलाई आहाराको निम्ति हुनेछन्। ३० र

पृथ्वीको हरेक पशु, आकाशको हरेक पन्क्षी र जमिनमा चलहल गर्ने हरेक जन्तु– हरेक प्राणी जसमा जीवन छ– तिनीहरूका आहाराको निम्ति म हरिया वनस्पति दिन्छु।” तब त्यस्तै भयो। ३१ आफूले बनाउनुभएको हरेक कुरा परमेश्वरले हेर्नुभयो। र त्यो साह्रै राम्रो थियो। साँझ पर्‍यो र बिहान भयो– छैटौं दिन।", भजन ३३:६-९ "६ परमप्रभुको वचनले आकासहरू निर्माण भए, र उहाँकै मुखको सासले त्यहाँका ग्रह-नक्षत्रहरू। ७ उहाँले समुद्रको पानीलाई जम्मा गरेर एक थुप्रो पार्नुहुन्छ। उहाँले गहिरा सागरहरूलाई आफ्ना ढुकुटीमा राख्नुहुन्छ। ८ सारा पृथ्वीले परमप्रभुको भय मानोस् संसारका सारा निवासीहरूले उहाँको भक्ति गरून्। ९ किनकि उहाँका मुखको वचनले सारा सृष्टि रचियो, उहाँले आज्ञा गर्नुभयो, र त्यो स्थिर रह्यो।", यशैया ४५:११,१२ "११ “इस्राएलका परमपवित्र र यसका सृष्टिकर्ता परमप्रभु भन्नुहुन्छः आउने कुराहरूका विषयमा, के तिमीहरू मेरा छोराछोरीहरूका बारेमा प्रश्न सोध्छौ, अथवा मेरा हातका कामका बारेमा तिमीहरू मलाई हुकुम दिन्छौ? १२ पृथ्वी मैले नै बनाएको हुँ, र त्यसमा मानिसहरूलाई मैले सृष्टि गरेको हुँ। मेरै हातले आकाशलाई फिँजाएको हो, र त्यसका सारा तारामण्डललाई मैले नै ठीक गरी मिलाएको छु।", यर्मिया ५१:१५,१६ "१५ “उहाँले पृथ्वीलाई आफ्नो सामर्थ्यले सृजनुभयो। उहाँले आफ्नो बुद्धिले संसारलाई स्थापित गर्नुभयो, आफ्नो समझशक्तिले उहाँले आकाशलाई फैलाउनुभयो। १६ उहाँ गर्जनुहुँदा आकाशमा पानीहरू गड्याङगुडुरुङ गर्छन्, उहाँले पृथ्वीको पल्लो छेउदेखि बादलहरू उठाउनुहुन्छ। उहाँले वृष्टिको साथ बिजुली चम्काउनुहुन्छ, र आफ्ना भण्डारहरूदेखि बतास चलाउनुहुन्छ।" र यूहन्ना १:३ "सबै थोक उहाँद्वारा बनिए, र बनिएको कुनै थोक पनि उहाँविना बनिएन।"

"सारा जगतलाई फैलाउने र यस पृथ्वीको जग बसाल्ने येशू ख्रीष्ट नै हुनुहुन्छ। उहाँकै हातले संसारहरूलाई (ग्रहहरूलाई) शुन्य आकाशमा झुन्ड्याउनुभएको थियो र मैदानका फूलहरूलाई सजाउनुभएको थियो। "उहाँकै बलले पहाडहरू स्थापित भएका थिए।" समुद्र उहाँकै हुन्, उहाँले नै सृष्टि गर्नुभएको हो।" भजन ६५:६,९५:५। यस पृथ्वीलाई सौन्दर्यताले उहाँले भरिदिनुभएको थियो र हावामा गीतहरू भर्नुभएको थियो। परमेश्वरको प्रेमको सन्देश पृथ्वीका सबै थोकहरूमा, हावामा र आकाशमा लेख्नुभएको थियो।"- एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज,* पृ.२०बाट रूपान्तरित।

संसारका चिजबिज तथा भौतिक तत्वहरू आफै खराब होइनन्। कतिपय धर्महरूमा भौतिक संसार र यहाँ भएका चिजबिजहरू दुष्ट वा खराब छन् र केवल आत्मिक कुराहरूमात्र असल छन् भनेर सिकाउँदछन्, तर याद गर्नुहोस्, भौतिक संसारलाई बाइबलले मूल्यवान ठान्दछ।

आखिरमा यस भौतिक संसारमा भएका यावत थोकहरूलाई येशू आफैले सृष्टि गर्नुभएको थियो। त्यस परिवेशमा तिनीहरू खराब भनेर तोक्ने हामी को हौं त? तर दुर्भाग्यवस परमेश्वरले दिनुभएका सबै बरदानहरू जस्तै मानिसहरूले त्यसलाई दुरूपयोग र खराब कामको निम्ति प्रयोग गर्न सक्छन्। त्यसको अर्थ यो होइन कि सुरुको बरदान खराब थियो। परमेश्वरले यस संसारमा सृष्टि गर्नुभएको वस्तुहरूलाई दुरुपयोग र भ्रष्ट बनायो भने उहाँले बाँकी राख्नुहुन्न भनेर बाइबलले चेतावनी दिएको छ। त्यो चेतावनी ती दुरुपयोग गर्ने मानिसहरूलाई हो संसारका वस्तुहरूलाई होइन।

बरू त्यसको ठीक बिपरित, परमेश्वरले नै यस भौतिक संसार सृष्टि गर्नुभएको थियो र उहाँका जनहरूले यस संसारका फल र फाइदाहरू उपभोग गरुन् भन्ने उहाँको चाहना होः व्यवस्था २६:११ "तब जति असल-असल थोक परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई र तिमीहरूका परिवारलाई दिनुभएको छ, ती सबका निम्ति तिमीहरू, लेवीहरू र तिमीहरूसित बस्ने परदेशीहरूले पनि आनन्द मनाऊन्।" र व्यवस्था १४:२२-२६ "२२ हरेक साल खेतमा उम्रने उब्जनीबाट तिमीहरूले दशांश अलग राख्न नभुल्नू। २३ जुन स्थानमा परमप्रभु तिमीहरूका परमेश्वरले आफ्नो नाउँको वासस्थानको निम्ति छान्नुहुन्छ, त्यहीँ आफ्ना अन्न, दाखमद्य र तेलको दशांश र आफ्ना गाईबस्तु र भेड़ाबाख्राका पहिले जन्मेका बच्चा उहाँको सामुन्ने खानू। यसरी नै तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्वरको भय सधैं मान्न सिक्नेछौ। २४ तर परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई आशिष् दिनुभएको छ, र तिमीहरूले आफ्नो दशांश बोकेर लैजान सक्दैनौ, किनकि तिमीहरूको दशांश लैजानलाई उहाँले चुन्नुभएको आफ्नो नाउँको वासस्थान साह्रै टाढ़ा छ भने, २५ आफ्नो दशांश बेची पैसा आफ्नो हातमा लिएर परमप्रभु तिमीहरूका परमेश्वरले चुन्नुभएको स्थानमा जानू। २६ आफ्नो इच्छाअनुसार गाईबस्तु, भेड़ा, दाखमद्य वा अरू मद्य, जे भए पनि, त्यही पैसाले किनेर आफ्नो परिवारसहित तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्वरको सामु खाएर आनन्द मनाउनू।"

प्रभु येशू सृष्टिकर्ता हुनुहुन्छ (यूहन्ना १:१-३), र उहाँले बनाउनुभएको थोकहरूमा यस पृथ्वी केवल उहाँका हातका नमुनामात्र हुन्। उहाँको सृजना गर्ने खुबीले गर्दा जीवन आफैलाई हेर्ने दृष्टिकोण बिशेष हुन्छ र त्यहाँ रहेका जीवहरूको मूल्य पनि उल्लेखनीय हुन्छन्। भौतिक वस्तुहरूको मूल्य उहाँलाई थाहा छ। हाम्रै फाइदाको निम्ति ती थोकहरू हामीलाई उहाँले दिनुभएको थियो। ती थोकहरूमा हामी रमाउन सकौं भनेर उहाँ चाहनुहुन्छ। तर मानव जातले त्यसलाई भ्रष्ट बनायो, विगार्‍यो वा दुरुपयोग गर्‍यो भने के हुन्छ सो पनि उहाँलाई थाहा छ। परमेश्वरले दिनुभएका भौतिक बरदानहरूलाई उहाँको महिमाको निम्ति चलाउनुको सट्टा त्यसैमा लागिरहने बानी वा तिनीहरूलाई प्राप्त गर्ने लक्ष्यमामात्र हिँड्दा के हुन्छ सो पनि उहाँलाई थाहा छ।

**परमेश्वरले सृष्टि गर्नुभएको अचम्मका प्रशस्त थोकहरू तपाईंको वरिपरि हेर्नुहोस्। पापले क्षतबिक्षत भएतापनि तिनीहरूमा अझै पनि केही न केही असल कुराहरू छन् जुन हामीहरूको भलाइको निम्ति परमेश्वरले सृष्टि गर्नुभएको थियो। हाम्रो हितको निम्ति सृष्टि गरिएका प्राकृतिक तथा भौतिक बस्तुहरूले सृष्टिकर्ता परमेश्वरको असल स्वभावलाई कसरी झल्काउँछ?**

## २. परमेश्वरको पुत्र/मानिसको पुत्र (मत्ती १९:१६-२४)

येशूका उपासक हामी भएको हुनाले येशू पूर्णरूपमा परमेश्वर र पूर्णरूपमा मानिस हुनुहुन्थ्यो भनेर हामी विश्वास गर्छौं। येशू ख्रीष्ट परमेश्वर र मानवताको संमिश्रण हुनु भएकोले उहाँ विशेषरूपमा यस संसारमा उहाँ महत्त्वपूर्ण र अनन्त जीवनमा उहाँको महत्त्व हुनपुग्नुभएको थियो। परमेश्वर मानिस कसरी हुनुभयो त्यो रहस्य हामीलाई बुझ्न गाह्रो भयो भन्दैमा त्यो सत्य होइन भनेर हामीले भन्नु मनासिव हुँदैन। कति जनाले हवाइ जहाज कसरी उड्छ भनेर थाहा नहुँदैमा त्यो ज्ञान छैन भन्दैमा हवाइ जहाज उड्दैन भन्न मिल्दैन।

"प्रभु येशूमा दुईवटा मानव मगजले बुझ्न नसकिने रहस्यहरू गाँसिएको छ-परमेश्वरको एकतामा बहुरूप र त्रीएक परमेश्वरमा येशूको मानवता गाँसिएको। यस संसारमा कुनै पनि काल्पनिक कथाहरू छैनन् जुन् येशूको अवतारमा ईश्वरीय र मानवीय चरित्र जस्तो अचम्मको सत्य लुकिएको हुन्छ।"-जे.आइ. पाकर, *नोइङ्ग गड* (डाउनरस् ग्रोभ, इलिन्वाइसः इन्टरभर्सिटी प्रेस, १९७३), पृ. ५३बाट रूपान्तरित।

यस संसारमा येशू आउनुभएको कारणहरू धेरै छन्। तर ती मध्यमा एक मूल कारणचाहीँ परमेश्वर कस्तो प्रेमिलो र हेरचाह गर्ने र प्रत्येक मानवप्राणीको हितमा उहाँ चासो देखाउनुहुन्छ भनेर सिकाउनको निम्ति आउनुभएको हो। कतिपय मानिसहरूको निम्ति परमेश्वर अत्यन्त टाढा, पौराणिक समयमा मात्र सक्रिए भएको र अहिले चिसो तथा पत्थरी बन्नुभएको छ। तर येशूले परमपिता परमेश्वरको सत्य चरित्रलाई स्पष्ट पार्नुभएको थियो। तर शैतानले परमेश्वरलाई मानव प्राणीहरूसँग अलग गर्ने प्रयास गरेको थियो। परमेश्वरमा कुनै व्यक्तित्व छैन, उहाँ हावा जस्तो आत्मा अजिब हुनुहुन्छ जसमा मानिसहरूप्रति व्यक्तिगत चासो राख्ने खुबी छैन भनेर परमेश्वरको चित्रण उसले गर्दछ। परमेश्वरको बारेमा थाहा पाउन, उहाँको अनुग्रह र भलोलाई मानिसहरूसामु लुकाइ राख्न शैतानले हरदम प्रयास गरिरहेको हुन्छ। संसारको धनसम्पत्ति, भौतिक कुराहरूमा अत्यन्त माया मोहमा पारेर मानिसहरूलाई आफ्नो पासोमा राख्ने शैतानको चालाप्रति हामी सतर्क हुनुजरुरी छ।

**यस संसारका विभिन्न मन बहलाउने भौतिक कुराहरूबाट हामीहरूलाई परमेश्वरबाट कसरी टाढा राख्छ भनेर मत्ती १९:१६-२४मा चित्रण गरेको छ। हेर्नुहोस्: "१६ उहाँकहाँ आएर एक जनाले भने, “हे गुरु, मैले अनन्त जीवन प्राप्त गर्नलाई के असल काम गर्नुपर्छ?”**

**१७ उहाँले तिनलाई भन्नुभयो, “असल के हो त्यस विषयमा तिमी मलाई किन सोध्दछौ? असल त एउटै मात्र हुनुहुन्छ। तर तिमी जीवनमा प्रवेश गर्न इच्छा गर्दछौ भने, आज्ञाहरू पालन गर।” १८ तिनले उहाँलाई भने, “कुन-कुनचाहिँ?” येशूले भन्नुभयो, “तैंले हत्या नगर्नू, तैंले व्यभिचार नगर्नू, तैंले चोरी नगर्नू, तैंले झूटो गवाही नदिनू। १९ आफ्ना आमा-बुबाको आदर गर्नू, र आफ्नो छिमेकीलाई आफूलाई झैं प्रेम गर्नू।” २० ती जवान मानिसले उहाँलाई भने, “यी सब त मैले पालन गरेकै छु। अब ममा के कमी छ?” २१ येशूले तिनलाई भन्नुभयो, “तिमी सिद्ध हुन चाहन्छौ भने, गएर तिमीसित भएका सबै बेचेर दरिद्रहरूलाई देऊ, र तिमीले स्वर्गमा धन प्राप्त गर्नेछौ, अनि आएर मपछि लाग।” २२ जब ती जवान मानिसले यो कुरा सुने, तिनी दुःखित भएर गइहाले, किनकि तिनको धेरै धन-सम्पत्ति थियो। २३ अनि येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, “साँच्चै, म तिमीहरूलाई भन्दछु, स्वर्गको राज्यमा धनी मानिसलाई प्रवेश गर्नु गाह्रो पर्नेछ। २४ फेरि म तिमीहरूलाई भन्दछु, धनी मानिसलाई**

**परमेश्वरको राज्यभित्र पस्नुभन्दा बरु ऊँटलाई सियोको नाथ्रीबाट छिर्नु सजिलो हुनेछ।"**

प्रभु येशू ख्रीष्ट कुने विशिष्ट व्यक्ति हुनुभएको थाहा पाएकै कारणले उसको प्रश्नको जवाफ मानवरूपमा आउनुभएको परमेश्वरले त्यस मानिसलाई दिनुभएको सोच्नुहोस्। तर उहाँको वचनलाई त्यस मानिसले कसरी लत्याए? आफूसँग भएको धेरै धनसम्पत्ति, भौतिक तत्वहरूप्रति उसको माया मोहले गर्दा उसलाई उसको अगाडि उभिनुभएको परमेश्वरबाट टाढा हुनपुगेको थियो। संसार र त्यहाँ भएका भौतिकतत्वहरूको माया मोहले गर्दा उसको आत्मिक ज्ञानको आँखा अन्धा भएको थियो। एक छिन त ऊ दिक्क भयो तर त्यो दिक्कले ऊ ठीक काम गर्न अग्रसर गराउन पुगेको थिएन। आफ्नो धनसम्पत्ति गुमाउनुपर्ला भनेर उनलाई दिक्क भएको थिएन तर ती कुराहरूले गर्दा आफ्नो आत्मालाई जानाजानी मार्नुपर्द उसलाई दिक्क लागेको थियो।

**चाहे हामी धनी हौं वा गरिब हौं, यस संसारमा भएका तत्वहरूसँग हामीहरूको सम्बन्ध कसरी ठीक ठाउँमा राख्ने?**

## ३. येशू ख्रीष्ट उद्धारकर्ता (१ पत्रुस १:१८-२१)

ऋणमा डुब्नु स्वर्गको नीति होइन। तर आदम र हव्वाले पाप गरे र परमेश्वरको आदेशलाई वेवास्ता गरे जसको फलस्वरुप मृत्युलाई निम्त्याइयो। यस प्रकारले मानव जात परमेश्वरको न्यायको ऋणी हुनपुगे। हामी आत्मिकरूपमा टाट पल्टेका छौं र परमेश्वरप्रति आत्मिक रूपमा यस्तो ऋणमा डुब्न पुगेका छौं कि हामी आफैले त्यो ऋण कहिल्यै पनि चुक्ता गर्न सक्दैनौं।

परमेश्वरले हामीलाई प्रेम गर्नुभएकोले नै मुक्तिको योजना बन्न पुगेको थियो। हाम्रो निम्ति येशू जमानी हुनुभयो (हिब्रू ७:२२)। येशू ख्रीष्ट मुक्तिदाता हुनुभएको पहिचानले गर्दा नै मानव जगतलाई चाहिने अत्यन्त महत्त्वपूर्ण उद्धारको कारोबार सम्पन्न भएको थियो। परमेश्वरको न्यायलाई थाम्न केवल येशूको जीवनको बलिलेमात्र सकिन्थ्यो। पापको ऋण येशूलेमात्र तिर्न सक्थ्यो। जब पापको ऋण येशूले तिर्नुभयो तब क्रुसमा परमेश्वरको न्याय र दयाले हात मिलाएका थिए। मानव जगतको उद्धारको निम्ति जुन काम येशूले गर्नुभयो त्यसबेला परमेश्वरको प्रेमको सर्वोच्च उदाहरण प्रस्तुत गरिएको थियो जुन् जगतका जीवहरूले कहिल्यै पनि देखेका थिएनन् (एफिसी ५:२)।

"स्वर्गका सारा श्रीसम्पत्ति नै यस संसारको निम्ति खन्याइएको थियो। सारा स्वर्गका येशू हामीलाई दिनुभएर परमेश्वरले प्रत्येक मानिसको इच्छापत्र, उसको स्नेह, उसको दिमाग, उसको आत्मा किन्नुभएको थियो।"-एलेन जी ह्वाइट, *क्राइस्ट अबजेक्ट लेसनस्,* पृ. ३२६बाट रूपान्तरित।

प्रभु येशूले हामीलाई कुन्  तत्वहरूबाट उद्धार गर्नुभयो सो देहायका केही  पदहरूमा पढ्नुहोस्ः कलस्सी १ः१३ "उहाँले हामीलाई अन्धकारको राज्यदेखि छुटाउनुभयो, र आफ्ना प्रिय पुत्रको राज्यभित्र हामीलाई सार्नुभएको छ।", १ थेस्सोलिनिकी १ः१० "अनि स्वर्गबाट आउनुहुने उहाँका पुत्र जसलाई उहाँले मृतकबाट उठाउनुभयो, उहाँकै प्रतीक्षा तिमीहरू गर्दछौ, अर्थात् येशूको, जसले आउन लागेको क्रोधबाट हामीलाई छुटकारा दिनुहुन्छ।", १ पत्रुस १ः१८-२१ "१८ तिमीहरू जान्दछौ, कि आफ्ना पिता-पुर्खाबाट आएका व्यर्थका कुराहरूदेखि, सुन वा चाँदीजस्ता नाश हुने थोकहरूद्वारा दाम तिरी तिमीहरू छुट्ट्याइएका होइनौ, १९ तर निष्खोट र निष्कलङ्क थुमाको जस्तो ख्रीष्टको अनमोल रगतद्वारा दाम तिरी छुट्ट्याइएका छौ। २० उहाँ सृष्टिभन्दा अगाडिदेखि नै नियुक्त हुनुभएको थियो, तर तिमीहरूका खातिर समयको अन्त्यमा प्रकट हुनुभयो। २१ उहाँद्वारा परमेश्वरमाथि तिमीहरूको भरोसा छ, जसले ख्रीष्टलाई मृतकबाट जीवित पारेर महिमा दिनुभयो, ताकि तिमीहरूको विश्वास र आशा परमेश्वरमा रहोस्।", हिब्रू २ः१४,१५ "१४ किनकि छोरा-छोरीहरू मासु र रगतका सहभागी भएका हुनाले उहाँले पनि त्यही स्वभाव लिनुभयो, ताकि मृत्युद्वारा नै मृत्युको शक्ति भएकोलाई, अर्थात् दियाबलसलाई उहाँले नष्ट गरून्, १५ र मृत्युको डरले आजीवन बन्धनमा परेकाहरूलाई उहाँले मुक्त गरिदेऊन्।", गलाती ३ः१३-१४ "१३ हाम्रा निम्ति सराप बनेर ख्रीष्टले हामीलाई व्यवस्थाको सरापबाट मोल तिरेर छुटाउनुभयो, किनकि "काठमा झुण्डिने हरेक श्रापित हुन्छ" भन्ने लेखिएको छ। १४ उहाँले हामीलाई मोल तिरेर छुटाउनुभयो, ताकि अब्राहामलाई दिइएको आशिष् ख्रीष्ट येशूद्वारा अन्यजातिहरूमा आओस्, र हामी विश्वासद्वारा प्रतिज्ञाका पवित्र आत्मा प्राप्त गर्न सकौं।" र प्रकाश १ः५-६ "५ विश्वासयोग्य साक्षी येशू ख्रीष्टदेखि, मृतकबाट प्रथम जीवित हुनुभएको, तथा पृथ्वीका राजाहरूका शासकको तर्फबाट। हामीलाई प्रेम गर्नुहुने र आफ्नो रगतले हामीलाई *हाम्रा पापबाट स्वतन्त्र पार्नुहुनेलाई,* ६ हामीलाई एउटा राज्य, उहाँका पिता र परमेश्वरका पूजाहारीहरू तुल्याउनुहुने, उहाँलाई महिमा र पराक्रम सदासर्वदा होस्। आमेन।"

क्रुसमा प्राण त्याग्नु अघि येशूले अत्यन्त ठूलो स्वरमा चित्कार गरेर उच्चारण गर्नुभएको थियो, त्यो थियो "अब सिद्धियो" (यूहन्ना १९:३०)। ग्रीक भाषामा यो शब्द टेट्लेसटै (*tetelestai)* हो। येशूले यस संसारमा हुनुहुँदा त्यो वचन उहाँको अन्तिम बचन थियो। त्यसको अर्थ यस संसारमा आफू आउनुको उद्देश्य उक्त अन्तिम वचनबाट घोषणा गर्नुभएको थियो। त्यसको अर्थ उहाँ यस संसारमा आउनुको उद्देश्य पूरा भयो र हामीहरूको पापको ऋण पूर्णरूपमा तिर्नुभयो हो। उक्त वचनमा आशा नभएको स्वर थिएन तर हराइएको संसारका निम्ति उद्धार गर्ने काम सफल भयो भनेर देखाएको थियो। क्रुसमा गरिएको उद्धारको कामले बर्तमान काममा असर पार्ने गरेर विगतको घट्नालाई प्रकट गर्छ र भविष्यको आशालाई देखाउँछ। पाप, मृत्यु, र शैतानको कामलाई सदाको निम्ति नाश गर्न येशूले आफ्नो ज्यान दिनुभएको थियो। त्यसको अर्थ हामी अयोग्य भएतापनि उहाँले हामीलाई उद्धार गर्नुभएको थियो (एफिसी १:७)। साँच्चिक्कै भन्ने हो भने येशूले सुसम्पन्न गर्नुभएको कामको बारेमा अचम्म मानेर सोच्नु नै पवित्र ठाउँमा हामीले घुँडा टेकेको हुन्छ।

येशू हामीहरूको उद्धारकर्ता हुनुभएर उहाँले परमेश्वरको अति महान् चरित्रको चित्रण गर्नुभएको थियो। परमेश्वरको अति महान् इच्छा नै हामीहरूलाई पापको बन्धनबाट छुट्कारा दिनु हो। त्यसले हामीसँग उहाँको दृष्टिकोण कस्तो छ सो देखाउँछ र हामीसँग सम्बन्ध राख्नु उहाँको निम्ति कतिको बहुमूल्य ठान्नुहुन्छ सो प्रकट गर्दछ। न्यायको काममा संतुष्टि भएपछि अब हाम्रो निम्ति उहाँले गर्नुभएको बलिलाई हामीले कसरी हेर्छौं त्यसतर्फ येशूको ध्यान गइरहेको हुन्छ।

**तपाईंले गर्नुभएको सबै खराब कामको निम्ति येशूले त्यसको ज्याला पूर्ण रूपमा तिर्नुभएको बारेमा सोच्नुहोस्। त्यसको जवाफमा तपाईंको के छ? (हेर्नुहोस् अयूब ४२:५,६ "५ मेरा कानहरूले तपाईंका बारेमा सुनेका मात्र थिए, तर अब ता म तपाईंलाई आफ्नै आँखाले देख्दछु। ६ यसैकारण म आफूलाई तुच्छ ठान्छु, अनि धूलो र खरानीमा बसेर म पश्चात्ताप गर्दछु।")**

## ४. ईर्ष्यालु परमेश्वर (प्रस्थान ९:१४)

जब परमेश्वरले मिश्र देशको राजा फारोहसँग सामना गर्नुभएको थियो त्यसबेला उहाँले यो घोषणा गर्नुभएको थियो, "नत्रभने यस पल्ट तिम्रै हृदयमा प्रहार हुने गरि तिमीमाथि र तिम्रा अधिकारीहरू र प्रजामाथि पूरा शक्तिमा मेरा

सबै विपत्तिहरू म पठाउनेछु, ताकि सारा पृथ्वीमा मजस्तो कोही रहेनछ भनी तिमीलाई थाहा होस्।" (प्रस्थान ९:१४)।

**"यस पृथ्वीभरि म जस्तो अरू कोही छैन" भनेर परमेश्वरले राजालाई चुनौति दिनुभएको अर्थ के हो?**

"सिमित दिमाग भएका मानिसहरूले परमेश्वरको चरित्र वा उहाँको बिशाल कामलाई पूर्णरूपमा जान्न असम्भब छ। जो दिमाग खेलाउने, अत्यन्त शक्तिशाली र उच्च शिक्षा हासिल गरेको मानिस छ त्यसको निम्ति पवित्र परमेश्वरको बारेमा आत्मज्ञान जहिले पनि रहस्यमय कपडाले छोपिरहेको पाउनुपर्छ।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली ५, पृ. ६९८,६९९बाट रूपान्तरित।

परमेश्वरको बराबरीमा कोही पनि छैन (१ राजा ८:६०)। उहाँले सोच्नुहुन्छ, उहाँले सम्झनुहुन्छ, र उहाँले यस्तो कामहरू गर्नुहुन्छ जो हामीले बुझ्न सक्दैनौं। हामी मानिसले जतिसुकै उहाँको बारेमा कल्पना गर्न खोजेतापनि उहाँ परमेश्वर परमेश्वर नै भएर बस्नुहुन्छ। हिउँका कणका प्रत्येक बिभिन्न आकार, हामीहरूको मगज, हामीहरूको अनुहार, हामी प्रत्येक व्यक्तिको प्रत्येक विशेष व्यक्तित्व वा स्वभाव बनाउने उहाँ नै हुनुहुन्छ। उहाँको जोडिमा अरू कोही पनि छैन (१ राजा ८:६०)। आखिरमा उहाँ सृष्टिकर्ता हुनुभएकोले उहाँको सृष्टिभन्दा भिन्न हुनु आवश्यक नै छ।

**मानिसहरूले सृष्टि वा सृष्टिमा भएका बस्तुहरूलाई भगवान भनेर पूजा गर्दछन् तर देहायका केही पदहरूले सृष्टिकर्ता परमेश्वर र उहाँको सृष्टिको बीचमा के फरक छ भनेर देखाइएको छ? हेर्नुहोस्: १ शमूएल २:२ "परमप्रभुबाहेक पवित्र अरू कोही छैन, तपाईंजस्तै अरू कोही छैन, हाम्रा परमेश्वरजस्तै अरू कुनै चट्टान छैन।", भजन ८६:८ "हे परमप्रभु, देवहरूमा (भगवानहरूमा?) तपाईं समान अरू कोही छैनन्, तपाईंका कार्यहरूजस्ता अरू कसैको छैनन्।", यशैया ५५:८,९ "८ "किनकि मेरा विचारहरू तिमीहरूका विचार होइनन्, र तिमीहरूका चाल मेरा चाल होइनन्," परमप्रभु भन्नुहुन्छ। ९ जसरी आकाश पृथ्वीभन्दा अल्गो छ, त्यसरी नै मेरा चाल तिमीहरूका चालभन्दा र मेरा विचार तिमीहरूका विचारभन्दा अल्गा छन्।", यर्मिया १०:६-१३ "६ हे परमप्रभु, तपाईंजस्तो कोही पनि छैन। तपाईं महान् हुनुहुन्छ। पराक्रममा तपाईंको नाउँ महान् छ। ७ हे जाति-जातिका महाराजा, कसले तपाईंलाई सम्मान गर्नुपर्दैन र? तपाईं यसका योग्य हुनुहुन्छ। जाति-जातिका बुद्धिमान्**

मानिसहरूमध्ये र उनीहरूका जम्मै राज्यहरूमा तपाईंजस्तै कोही पनि छैन। ८
उनीहरू त बुद्धिहीन र मूर्ख छन्। उनीहरू बेकामका काठका मूर्तिहरूबाट
सिकाइन्छन्। ९ तर्शीशबाट पिटिएको चाँदी ल्याइन्छ, र उपज देशबाट सुन। जे
कारीगर र सुनारले बनाउँछन्, बैजनी र नीला लुगा त्यसलाई लगाइन्छन्– ती सबै
सिपालु मानिसहरूद्वारा बनाइन्छन्। १० तर परमप्रभु त साँचो परमेश्वर
हुनुहुन्छ, उहाँ जीवित परमेश्वर, अनन्तका महाराजा हुनुहुन्छ। जब उहाँ क्रुद्ध
हुनुहुन्छ, तब पृथ्वी काम्दछ। जाति-जातिहरूले उहाँको क्रोध सहन सक्दैनन्।
११ "तिनीहरूलाई यसो भन्ः 'यी देवताहरू, जसले आकाश र
पृथ्वीलाई बनाएनन्, तिनीहरू पृथ्वीबाट र आकाशमुनिबाट नष्ट हुनेछन्'।" १२
तर परमेश्वरले नै पृथ्वीलाई आफ्नो सामर्थ्यले बनाउनुभयो। उहाँले आफ्नो
बुद्धिले संसारलाई स्थापित गर्नुभयो, र आफ्नो समझशक्तिले उहाँले आकाशलाई
फैलाउनुभयो। १३ जब उहाँ गर्जनुहुन्छ, तब आकाशमा पानीको गर्जन हुन्छ।
उहाँले पृथ्वीको पल्लो छेउदेखि बादल उठाउनुहुन्छ। उहाँले वृष्टिसँग बिजुली
चम्काउनुहुन्छ, र आफ्ना भण्डारबाट बतास चलाउनुहुन्छ।" र तितस १:१-३
"१ परमेश्वरको दास र येशू ख्रीष्टको प्रेरित पावलबाट, परमेश्वरका
चुनिएकाहरूको विश्वास र भक्तिसँग मिल्दो तिनीहरूका सत्यको ज्ञान
बढ़ाउनलाई, २ जुन विश्वास र ज्ञान अनन्त जीवनको आशामा स्थिर छन्, अनि
***कहिल्यै झूट नबोल्नुहुने*** परमेश्वरले अनन्त कालदेखि प्रतिज्ञा गर्नुभयो। ३
परमेश्वर हाम्रा मुक्तिदाताको आज्ञाअनुसार मलाई जिम्मा लाएको प्रचारद्वारा
उचित समयमा उहाँले आफ्नो वचन प्रकट गर्नुभयो।"

जब हामी परमेश्वरको बारेमा जे थाहा छ सो सम्झन्छौं, उहाँको स्वामित्वमा रहेका सार जगत तथा सृष्टि, उहाँले गर्नुहुने र गर्नुभएको सबै कामको बारेमा बिचार गर्छौं, उहाँको जोडिमा उहाँसँग उभिने कोही पनि छैन भन्दा अचम्म लाग्दछ। उहाँसँग प्रतिस्पर्धा गर्नसक्ने जीव कोही पनि छैन। तैपनि केही हदसम्म उहाँले प्रतिस्पर्धा गर्ने तत्वहरू छन् ती हुन् मानिस जातिमा हुने प्रेम र स्नेहसँग। त्यसैकारण हुनसक्छ उहाँ आफूलाई डाह वा इर्ष्या गर्ने परमेश्वर हुँ भनेर सम्बोधन गर्नुहुन्छ (प्रस्थान ३४:१४)। परमेश्वरले मानिसहरूलाई विवेकको स्वतन्त्रता दिएर सृष्टिगर्नुभयो। त्यसको अर्थ मानिसले उहाँलाई विश्वास गर्ने वा नगर्ने अधिकार उसैलाई सुम्पिइएको छ। परमेश्वरलाई विश्वास नगरेर उहाँको बिकल्पमा आफूखुशी देवताहरूलाई पूजा गर्ने आत्मनिर्णयलाई उसैको हातमा उहाँले छोड्नुभएको छ। साँच्चिक्कै भनौं

भने मानिसमा भएको स्वविवेकको स्वतन्त्रता नै उसको मुख्य समस्या हुन गएको छ। त्यसले गर्दा सृष्टिकर्ता र सारा जगतका स्वामी जो हामीहरूको आराधनाको योग्य हुनुहुन्छ उहाँको सेवा नगरि आफू खुशी देवीदेवता वा आफ्नै मनले कल्पना गरेका वस्तुहरूलाई भगवान भनेर पूजा गरिरहेका छन्। त्यस परिवेशमा सृष्टिकर्ता आफू भएर आफूलाई पूजा नगरि आफूले बनाएका जीवअजीव बस्तुहरूलाई नै परमेश्वर भनेर पूजा गर्दा उहाँमा ईर्ष्या हुनुको बिकल्प अरू के होला?

**तपाईंको जीवनमा परमेश्वरलाई गर्नुपर्ने प्रेमको सट्टा अरू कुनै छ जसले परमेश्वरसँग जोडी खोज्न गइरहेको छ?**

## ५. सारा सृष्टिका सही स्वामी (अय्यूब ३८:४-११)

हामीलाई सृष्टि गरिएको र उद्धार गरिएको हैशियतले हामी परमेश्वरका हौं। हामीहरूको व्यक्तिगत जीवनमात्र होइन हामीसँग भएका सबै थोक उहाँको हो। हामीहरूले हामीहरूको निर्णयबाहेक अरू कुनै थोक पनि मेरो भन्ने अधिकार छैन।

तर त्यस धारणाको बिपरितमा संसारको धारणा अर्कै छ। हामीसँग जे छ त्यसको स्वामी हामी नै हौं भनेर संसारले हामीहरूलाई भौतिक थोकहरूमा मोह लगाएर तान्दछ। यो धोखापूर्ण छ। इसाई हुँ भनेर दावी गर्नेले तिनीहरूसँग भएको सबै थोकको स्वामी तिनीहरू नै हो भनेर सोच्नु परमेश्वरको वचनले सिकाएको अनुसार नचल्नु हो।

हामी होइन, सबै थोकको मालिक परमेश्वर हुनुहुन्छ (अय्यूब ३८:४-११)। हामीहरू यस संसारमा बिदेशीहरू हौं र बहालमा बस्नेहरूमात्र हौं (लेबी २५:२३)। इस्राएलीहरू प्रतिज्ञा गरिएको कनान देशमा केवल प्रवासी भएर बसेका सम्झाएको थियो। हामीहरूले फेर्ने सासको लागि पनि परमेश्वरसँग भर पर्नुपर्छ (प्रेरित १७:२५)। हामीमा जे छ सो मेरो नभनेर परमेश्वरको भनेर मान्नुपर्दछ। हामीलाई जे दिइएको छ त्यो केवल सञ्चिता (हिफाजत)गर्नमात्र हामीलाई उहाँले सुम्पनभएको हो। हामीहरूसँग भएको चाहे भौतिक सम्पत्ति होस् वा अदृष्य अर्थात् आँखाले नदेखिने गुणहरू होस् त्यसलाई व्यवस्थित गर्ने जिम्मा परमेश्वरले हामीलाई सुम्पिनुभएको हो।

**परमेश्वर के के थोकका मालिक हुनुहुन्छ भनेर देहायका केवल केही पदहरूले कसरी देखाउँछ? ती पदहरूलाई हेरेर हामीसँग रहेको भौतिक**

सम्पत्तिहरूलाई कुन आँखाले हेर्नुपर्दोरहेछ भनेर सिकाउँदछ? हेर्नुहोस्ः व्यवस्था १०:१४ "आकाशहरू, सर्वोच्च आकाशमण्डलहरू, र पृथ्वी र त्यसमा भएका जे-जति छन्, ती सबै परमप्रभु तिमीहरूका परमेश्वरकै हुन्।", भजन ५०:९-१२ "९ तिम्रो गोठको साँढ़े, अथवा तिम्रा गोठहरूबाट बोकाको मलाई आवश्यकता छैन। १० किनकि जङ्गलको हरेक बस्तु र हजारौं डाँड़ाहरूका गाईबस्तु मेरै हुन्। ११ पर्वतहरूको प्रत्येक पक्षीलाई म चिन्छु, र भूमिका सबै प्राणीहरू मेरै हुन्। १२ म भोकै भए तापनि तिमीलाई भन्नेथिइनँ, किनकि पृथ्वी र त्यसमा भएका यावत् थोक मेरै हुन्।", भजन १०४:१६ "परमप्रभुले लाउनुभएका वृक्षहरू र लेबनानका देवदारुहरूले मनग्य पानी पाएका छन्।", इजकिएल १८:४ "हरेक जीवित प्राण मेरै हो– बाबु र छोरा दुवै एकैजस्तै मेरा हुन्। जुन प्राणले पाप गर्छ, त्यही मर्छ।", हग्गै २:८ "'चाँदी मेरै हो, र सुन पनि मेरै हो' भनी परमप्रभु भन्नुहुन्छ।" र १ कोरन्थी ६:१९,२० "१९ तिमीहरूको शरीर पवित्र आत्माको मन्दिर हो, जुन पवित्र आत्मा तिमीहरूले परमेश्वरबाट पाएका छौ, र उहाँ तिमीहरूभित्र वास गर्नुहुन्छ भन्ने के तिमीहरूलाई थाहा छैन? तिमीहरू स्वयम् आफ्नै होइनौ। २० तिमीहरू मोल तिरेर किनिएका हौ। यसकारण तिमीहरूका शरीरमा परमेश्वरको महिमा गर।"

"सबै थोक परमेश्वरको हो। मानिसहरूले उहाँको दावीलाई वेवास्ता गर्लान्। जब परमेश्वरले उहाँको प्रसस्त आशिष मानिसहरूमा खन्याउँछ तब उहाँका उपहारहरू आफ्नै स्वार्थपूर्तिको निम्ति मानिसहरूले उपभोग गर्न सक्छ। तर तिनीहरूलाई सञ्चिता (हिफाजत)गर्न दिएका थोकहरूको हिसाबकिताव परमेश्वरको सामु पेश गर्नुपर्नेछ।"-एलेन जी ह्वाइट, *टेस्टिमोनिज फर द चर्च,* ठेली ९, पृ. २४६बाट रूपान्तरित।

सबै थोक परमेश्वरको अधीनमा छ र उहाँले हामीलाई जे दिनुहुन्छ त्यसलाई सञ्चिता (हिफाजत)गर्नुपर्ने अनिवार्यताले परमेश्वर र हामीहरूको बीचको सम्बन्धलाई देखाइरहेको हुन्छ। हामीहरूलाई स्वर्गको निम्ति तयार पार्न उहाँले हामीहरूलाई सबै थोकहरू दिनुभएको हो। तिनीहरूलाई हामीहरूको र अरूको हितको निम्ति प्रयोग गर्न परमेश्वरको आदेश छ। तर बेइमान सञ्चयकर्ताले परमेश्वरको सम्पत्तिलाई उहाँको चाहना अनुसार नचलाउन कंजुस्याइ गर्न सक्छ। परमेश्वरले आफ्नो चाहना मानिसमा बलजफ्ती लाद्नुहुन्न। उहाँले हामीहरूलाई सृष्टि गर्नुभयो, उहाँ नआउञ्जेल यस संसारका भौतिक सम्पत्तिहरूलाई व्यवस्थित रूपमा सञ्चालन गर्ने जिम्मेवारी

हामीलाई नै सुम्पनुभएको छ। हामीहरूको हातमा भएका र हामीहरूको जीवनलाई कसरी सञ्चिता (हिफाजत)गरेकाछौं त्यसले हामीहरूको सम्बन्ध परमेश्वरसँग कस्तो छ भनेर देखाउँछ।

**तपाईंसँग जे छ सो साँच्चिक्कै भनौं भने तपाईंको आफ्नै होइन तर परमेश्वरको हो भनेर एक छिन सोच्नुहोस्। त्यसले तपाईंसँग भएको सम्पत्तिसँग कस्तो सम्बन्ध हुनुपर्छ भनेर देखाउँछ, सोच्नुहोस्।**

## उपसंहारः

**थप जानकारीः स्टुवार्डशीप वा** सञ्चिता (हिफाजत)त्यसबेला सुरुभयो जब परमेश्वरले आदम र हव्वालाई यस पृथ्वीको सुन्दर बगैंचामय घरको हेरचाह र सञ्चिता (हिफाजत)गर्न राख्नुभएको थियो (उत्पत्ति २:१५)। यस सिद्ध वातावरणमा तिनीहरूले आफ्नो बस्ने ठाउँ लायकको बनाउनुपर्थ्यो र त्यसको लागि पसिना पनि बगाउनुपर्दैनथ्यो। तिनीहरूको काम के हो र तिनीहरूको जिम्मेवार के हो भनेर परमेश्वरले सिकाउनुभएको थियो। अदनको बगैंचालाई स्याहार गर्दा ती नव दम्पतिको जीवनमा खुशियाली र अर्थपूर्ण बन्न पुग्नुपर्थ्यो।

उत्पत्ति १:२६मा जीवजन्तुहरूमाथि अधिकार जमाउनु भनेर हिब्रूभाषा भनेको अर्थ तिनीहरूलाई नियन्त्रणमा राख्नु र तिनीहरूमाथि अधिकार जमाउनु हो। त्यसको अर्थ यो होइन तिनीहरूलाई दवाउनु, थिचोमिचो गर्नु तर परमेश्वरको सृष्टिमाथि दया देखाएर तिनीहरूको हेरचाह गर्नु भनेर मान्नुपर्थ्यो। अदनको बगैंचामा परमेश्वरले आदम र हव्वालाई दिनुभएको त्यो निर्देशन अझै पनि कायममै छ। त्यस वातावरणमा परमेश्वर सबै थोकको मालिक र तिनीहरू उहाँको सञ्चालक वा सञ्चिता (हिफाजत)गर्ने व्यक्तिहरू हुन् भनेर तिनीहरूले सिक्नुपर्थ्यो। सुरूदेखि परमेश्वरले आदम र हव्वालाई जिम्मेवारी दिनुभएर तिनीहरूको सञ्चिता (हिफाजत)गर्न परमेश्वरले तिनीहरूमाथि विश्वास राख्नुभएको तर ती थोकहरू तिनीहरूको स्वामित्वमा छ भनेर लिनुहुन्न भन्ने चाहना परमेश्वरको थियो। आफ्नो काममा लगनशीलता र भरपर्दो छ भनेर तिनीहरूले परमेश्वरलाई देखाउनुपर्थ्यो।

"अदनको बगैंचालाई हेरचाह गर्न परमेश्वरले आदम र हव्वालाई सुम्पनु भएको थियो। तिनीहरूको स्याहार गर्न र सञ्चिता (हिफाजत)गर्न आदम र हव्वालाई खटाइएको थियो। तिनीहरूको काममा तिनीहरू खुशी थिए। तिनीहरूको दिमाग, तिनीहरूको मन र तिनीहरूको इच्छा एकदम

मिलोमत्तोमा चलेको थियो। तिनीहरूको काममा तिनीहरू थाकेका थिएनन् र न त हैरान नै भएका थिए। तिनीहरूको समय उपयोगीमुलक तरिकाले बितेका थिए र एक आपसमा राम्रैसँग कुराकानी भइरहन्थ्यो। तिनीहरूको पेशा रमाइलो थियो। परमेश्वर र येशू ख्रीष्ट तिनीहरूकहाँ बारम्बार भेट गर्न आउनुहुन्थ्यो र तिनीहरूसँग बातचित गर्नुहुन्थ्यो। तिनीहरू पूर्णरूपमा स्वतन्त्र थिए।...तिनीहरूको अदनको घर परमेश्वरको थियो। तिनीहरू परमेश्वरकै मुनिरहेर बस्दथे।"-एलेन जी ह्वाइट, म्यानुस्क्रिप्ट, ठेली १०, पृ. ३२७बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ) सारा संसार परमेश्वरको हो भनेर थाहा पाएपछि वातावरण संरक्षणमा हामीहरूको दायित्व के छ भनेर कसरी बुझ्ने? कतिपय वातावरणविद्हरू राजनैतिक अतिवादी भएर वातावरणप्रति आफ्नै धारणा राख्दै सृष्टिलाई पूजा गर्न अग्रसर भएको पाइन्छ तैपनि हामी इसाई भएको हैशियतले वातावरण संरक्षणको बारेमा कसरी चासो देखाउने?

आ) परमेश्वर ईख गर्ने परमेश्वर हुनुहुन्छ भन्ने तर्कलाई अझ गहिरिएर सोच्नुहोस्। यो सधैं बुझ्न सक्ने तर्क त होइन किनभने मानविय स्वभावमा डाहा गर्नु, ईख गर्नु नकारात्मक रूपमा लिइन्छ र त्यसबाट टाढा हुन अपेक्षा गरिन्छ। संसारको धारणालाई एकतिर राखेर र नकारात्मक पोकोलाई पन्छाएर परमेश्वर ईर्ष्यालु हुनुहुन्छ भन्ने तर्कलाई कसरी बुझ्ने?

इ) परमेश्वरले सृष्टिगर्नुभएको र दिनुभएको भौतिक आशिषहरूलाई उचित तवरले उपयोग गर्नु र रमाइलो गर्नु र त्यसलाई दुरूपयोग गर्नुको बीचमा के भिन्नता छ? ती भिन्नतालाई आत्मसात् गर्नु किन जरुरी छ?

कथा ३

## बिलायतकी महारानी र स्वर्गको राजा

## बेलिज, लेटिसिया अगस्ट, ६०

किशोरी लेटिसियाको जीवनको अत्यन्त खुशीको दिन त्यो थियो जब उनलाई ग्वाटेमालामा उनको हजुरआमाको घरमा बस्न उनको आमाले पठाएकी थिइन्। ग्वाटेमाला देश उनीरहेको देश बेलिजसँगै छ। उनका बुबा र आमा आइतवार पालन गर्ने अत्यत्न कट्टर इसाई थिए। अरू केटीहरू जस्तो हुनुहुंदैन भनेर तिनीहरूले भनिरहँदा उनी थाकेकी थिइन्। जब हजुरआमाको घरमा आइपुगिन् तब आफू स्वतन्त्र र रमाइलो भएको अनुभव गरेकी थिइन्। आमाबाबुको हातबाट फुत्किन पाउँदा आफू स्वतन्त्र ठानेकी लेटिसले नाच गान, पार्टीहरूमा जान थालिन्। तर रमाइलो गर्न क्रममा उनी चिन्तामा पनि पर्न थालिन् "आज राती म मरेको भए मलाई के हुन्थ्यो होला?"
केही समय पछि दुई जना एडभेन्टिस्टहरू लेटिसको काकालाई बाइबल अध्ययन दिन थाले। उनको काका पनि त्यही हजुरआमाको घरमा बस्दथे। लेटिसको बानीव्यहोरा देखेर काकाले उनलाई बाइबल पढ्न आउन कर गरेका थिएनन्। तर एक दिन उनले आफ्नो कोठाबाट उनको काका र पाहुनाहरू बाइबल अध्ययन गरिरहेको चियो गरेर सुनिन्। तिनीहरूले बाइबल पढेको देख्दा उनलाई रिस उठ्यो, "बाइबलले त्यसो सिकाउँदैन!" त्यसबेला एडेन्टिस्टहरूले अन्य भाषा बोल्ने बरदानको बारेमा सिकाइरहेका थिए। चेलाहरूले जे बोलेका थिए त्यो सबै भाषाका मानिसहरूले आआफ्नै भाषामा बुझे भनेर तिनीहरूले प्रेरितको किताबमा पढिरहेका थिए। अन्य भाषा बोल्ने बरदान भनेको कसैले नबुझ्ने भाषा बोल्नु हो भनेर लेटिसियालाई पढाइएको थियो। आखिरमा झुठो कुरो सिकाइरहेको भनेर रिसले लेटिसिया आफ्नो कोठाबाट आएर ती एडभेन्टिस्टहरूलाई चिच्याएर भनिन् "तपाईंहरूले जे सिकाइरहनुभएको छ त्यो ठीक छैन।" आफूले सिकेका कुराहरू भनेर तिनीहरूलाई चित्त बुझाउन थालिन्। अनि छलफल गर्ने क्रममा उनले पनि एडभेन्टिस्टहरूसँग बाइबल पढ्न थालिन्। अनि बिस्तारै एडभेन्टिस्टहरूले सिकाएको बाइबलमा उनको चित्त बुझ्न थाल्यो र तिनीहरूसँगै चर्च पनि जान थालिन्। केही समयपछि एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिने उनले निर्णय गरिन्। तर उनका आफन्तहरूले उनको निर्णयलाई स्वीकार गरेन किनभने

एडभेन्टिस्टहरू झुठो सम्प्रदाय हुन् भनेर सम्झाउँदै भने, "यदि तिमी एडेन्टिस्ट चर्चमा बप्तिस्मा लियौ भने यो घरमा तिम्रो लागि बास छ भनेर नठान।" यो सुनेर लेटिसियाको मनमा ठूलो द्वन्द्व भयो। जुन दिन बप्तिस्मा लिनुपर्ने थियो त्यो दिन उनी चर्च गइनन्। तर उनी साथीहरूसँग नाचगानमा गइन् र बप्तिस्मा नलिने निधो गरिन्। "तर जबसम्म म बप्तिस्मा लिन सहमत भइँन तबसम्म परमेश्वरले मलाई छोड्नुभएन" उनले भनिन्। “के तिमी साँच्चिकै बप्तिस्मा लिन चाहन्छौं?" पास्टरले उनलाई सोधे। “बप्तिस्मा लिन अब कसैले मलाई रोक्न सक्दैन भनेर मैले बप्तिस्मा लिएँ। त्यो दिन मैले ठीक निर्णय गरेको छु भन्ने लाग्यो। परमेश्वरको अनुग्रह र उहाँले दोस्रो अवसर दिनुभएकोमा म उहाँको स्तुति गर्छु।" उनी हँसिलो भएर बोलिन्।

तर लेटिसियाका आफन्तहरू रिसले जुर्मुराए। तिनीहरूले उनलाई उनको विश्वास छोड्न अत्यन्त दवाव दिए। खाने कुरामा सुँगुरको मासुमा र झोल राखेर दिए तर त्यो खान उनले खान सकिनन्। धेरै हप्तासम्म लेटिसिया बिस्कुट र दुधमात्र खाएर बाँचिन्। साबथको दिनमा चर्चपछि जब विश्वासीहरूले उनलाई खान बोलाउँथे त्यसबेलामात्र उनले पेटभरि खान पाएकी थिइन्।

“त्यसले गर्दा बप्तिस्मा लिने नयाँ विश्वासीहरूको निम्ति आफ्नो घरको ढोका जहिले पनि खुला गरिराख्नुपर्छ भनेर मैले सिकें किनभने तिनीहरूको जीवनमा केले संघर्ष गरिरहेको हुन्छ सो हामीलाई थाहा हुँदैन। तिनीहरूको बारेमा थाहा पाउनुपर्छ र तिनीहरूलाई माया गर्नुपर्छ" लेटिसियाले भनिन्। अनि छिट्टै आफ्नी आमाको घर ग्वाटेमालामा उनी फर्किन्। आफ्नी आमाको घरमा फर्कनु पनि उनको निम्ति परमेश्वरको आशिष थियो। उनी आफ्नो घर फर्केको केही समयभित्र उनले उनको भावी श्रीमानलाई भेट्टाइन् र तिनीहरूको बिवाह भयो। लेटिसिया नर्स पढ्न थालिन् र उनको श्रीमानको सहायताले ग्वाटेमाला र बेलिजमा तीन वटा चर्चहरू खडा गरिन्। ती जोडीले कमसेकम १,००० मानिसहरूलाई बप्तिस्मा दिन लगाए। लेटिसिया ६० वर्षकी छिन् र अहिले बेलिजमा रहन्छिन्। उनी चर्चको सक्रिय सदस्य भएर बसेकी छिन्। सन् २०१६मा बिलायतकी महारानी एलिजाबेथ दोस्रोले उनलाई बिलायत साम्राज्यको अत्यन्त उत्कर्ष व्यक्तिहरूको सदस्य भएको मान दिइन्। त्यो सम्मान उनको सामुदायिक क्षेत्रमा सेवा पुऱ्याएकोले पाएकी थिइन्। "कसैले मेरो नाउँ महारानीलाई दिएछ। तर मैले मानिसहरूबाट पाएको

सम्मानले मलाई प्रेरित भएको होइन। जहिले पनि परमेश्वरले भन्नुभएको आवाजलाई कल्पना गर्दछु, "यो तिमीले मेरो निम्ति गर।" हामीहरू उहाँका सेवकहरू हौं। एकदिन उहाँले यो भन्नुभएको सुन्न चाहन्छु, "स्यावास, मेरो विश्वासिलो र असल सेवक।" लेटिसियाले नम्र भएर भनिन्।

"केही उद्देश्यको निम्ति परमेश्वरले मलाई बोलाउनुभएको हो भनेर मलाई थाहा छ। ४३ वर्ष भयो मलाई चर्चमा जान बोलावट भएको थियो, र प्रत्येक दिन उहाँको प्रेम ममा फुलिरहेको मैले पाएको छु" लेटिसियाले भनिन्।

सन् २०१५मा उठाइएको त्रैमासिक भेटीले बेलिजमा सुसमाचार सुनाउने चौर र चर्चको कार्यालय भवन बनाउन सहयोग गरेको थियो।

**बेलिजको बारेमा केही जानकारीः** बेलिजको आधिकारिक भाषा अङ्ग्रेजी हो र बेलिजियन क्रियोल भाषालाई पनि मानिएको छ। तिनीहरूले सबभन्दा चलन चल्तीको दोस्रो भाषाचाहीं स्पानिश हो। बेलिज स्वतन्त्र राष्ट्र भएतापनि बिलायतकी महारानी त्यस देशको सर्वोच्च राष्ट्रध्यक्ष मानिन्छिन्। बिलायतको महारानीलाई "बेलिजको महारानी" पनि भनिन्छ। बेलिज शहर त्यो देशको सबभन्दा ठूलो सहर भएतापनि बेल्मोपान सहर राजधानी हो किनभने सन् १९६१मा बेलिज सहरलाई सामुद्रिक हुरीले नष्ट पारेको थियो। त्यो देशको सांसद भवन दक्षिण अमेरिकाको पुरानो धर्म मायालाई मान्ने मन्दिरको आकारमा छ। ग्वाटेमालाले बेलिजलाई आफ्नो देशको भूभाग भनेर दावी गर्दछ। त्यो सन् १८५९मा ग्वाटेमाला र बिलायतको सम्झौता अनुसार हो। तर पछि बेलिज स्वतन्त्र भयो। स्वतन्त्र हुनुभन्दा अघि बेलिजलाई ब्रिटिश हन्डुराजको नाउँले सम्बोधन गरिन्थ्यो। त्यहाँ कुनै पनि पश्चिमा देशमा भएको अस्वस्थ खाना खुवाउने रेस्टुराँहरू छैन।